Total No. of Printed Pages—6

**HS/XII/A/n/19**

**2019**

**NEPALI ( ELECTIVE )**

*Full Marks* : 100

*Time* : 3 hours

*The figures in the margin indicate full marks for the questions*

*General Instructions* :

(i) Write all the answers in the Answer Script.

(ii) Attempt Part—A (Objective Questions) serially.

(iii) Attempt all parts of a question together at one place.

( PART : A—OBJECTIVE )

( *Marks* : 50 )

SECTION—I

( *Marks* : 20 )

**1.** तल दिइएका प्रश्नहरूका वैकल्पिक उत्तरमध्ये सही उत्तर छानेर लेख : 1×5=5

(क) ''उसको उज्यालो अनुहारमा जिउँदा आँखा र सङ्कल्प छन्।''

यस वाक्यमा 'जिउँदा आँखा र सङ्कल्प' हुने को हो?

*(i)* दुलही

*(ii)* युवती

*(iii)* वाग्मती

*(iv)* कृष्ण

(ख) बैदार बूढाले भैंसीको दाम कति रुपियाँ तोक्छन्?

*(i)* चार-बीस

*(ii)* पाँच-बीस

*(iii)* छ-बीस

*(iv)* सात-बीस

(ग) ''मेरो त्यो उहिलेको बुद्धिको डोरेटोमा यो दुनियाँ हिँडेको भए सबको घर मसान बनिसक्थ्यों।'' यो भनाइ कसको हो?

*(i)* युवती

*(ii)* कृष्ण

*(iii)* धने

*(iv)* दुलही

(घ) ''लिम्बू गाउँ अब कति टाढा होला'' यस वाक्यमा लिम्बू गाउँ सोध्ने व्यक्ति को हो?

*(i)* मोटे कार्की

*(ii)* रिकुटे

*(iii)* लुइँटेल

*(iv)* धने

(ङ) 'बसाइँ' उपन्यासमा कतिवटा पाठ छन्?

*(i)* दस

*(ii)* बीस

*(iii)* तीस

*(iv)* चालीस

**2.** कोष्ठभित्र दिइएका सही शब्द छानेर तलका वाक्य पूरा गर : 1×10=10

(क) कस्तो त्यो तिम्रो ______ जस्तै भइसक्यो। (लोग्ने/छोरो)

(ख) मलाई त नगरी नसकिने ______ चाहिएको छ। (दया/माया)

(ग) यो लोग्ने मान्छेको जातलाई ______ को थुप्रो भए पुग्दो रहेछ। (स्वास्नी/मासु)

(घ) छोराछोरी पाएपछि ______ हरूले कुनामा कसिङ्गर जस्तै भएर थुप्रिन पनि सक्नुपर्छ। (आमा/स्वास्नी)

(ङ) म यो ______ मा एकछिन पनि टिक्न सक्तिनँ। (घर/मसान)

(च) मक्किएका ______ मक्किँदै नै गइरहेका छन्। (घरहरू/खाँबाहरू)

(छ) झुमा र ______ बेलैमा घरबाट निस्के। (कार्की/ठूली)

(ज) कति दिनको अविराम झरीले ______ सुकाउन दिएको थिएन। (कपडा/बिस्कुन)

(झ) ______ डाँडाबाट दोटा बाटा फाटेका थिए। (रागे/बागे)

(ञ) हातमा अर्को एउटा सानो ______ झुण्ड्याएको छ। (पोको/कुटुरो)

**3.** सत्य भनाइमा 'हो' र असत्य भनाइमा 'होइन' लेख : 1×5=5

(क) 'मसान' एउटा नारी-समस्या नाटक हो।

(ख) घरलाई मसान बनाउने दुलही हो।

(ग) कृष्णले अर्को जन्ममा युवतीको छोरो भएर जन्मूँ भन्छ।

(घ) 'बसाइँ' लीलबहादुर क्षत्रीको पौराणिक उपन्यास हो।

(ङ) झुमा सङ्गिनी गाउन खूब सिपालु थिइ।

## SECTION—II

( *Marks* : 30 )

**4.** तलका कुनै **पाँच** प्रश्नहरूका *4/5* वाक्यमा उत्तर लेख : 3×5=15

(क) बैदार कस्तो मान्छे थियो?

(ख) रिकुटे को हो?

(ग) मोटे कार्कीले गाउँमा के काम गर्छ?

(घ) भोटुलाई कृष्ण र युवतीले किन पोष्यपुत्र बनाउँछन्?

(ङ) वाग्मतीले आफ्नो पीर कोसँग कसरी प्रकट गर्छे?

(च) युवतीले किन कृष्णको घर छोडेर जान्छे?

**5.** (क) रस भनेको के हो? कुनै तीनवटा रसका नाम लेख। 3

(ख) अलङ्कारले काव्यमा के काम गर्छ? अलङ्कार कति प्रकारका छन्? 3

(ग) छन्द के हो? कुनै दुईवटा छन्दका नाम लेख। 3

(घ) कर्ता, कर्म र अपादान कारकका उदाहरण देऊ। 3

(ङ) वाच्य भनेको के हो? तलका वाक्यका वाच्य परिवर्तन गर : 3
म घर जान्छु। भाइले कलम हरायो।

( PART : B—DESCRIPTIVE )

( *Marks* : 50 )

**6.** सप्रसङ्ग व्याख्या गर : 6×2=12

(क) मलाई त यस्तो माया चाहिरहेछ जसले मलाई सुकाओस्, जलाओस्, रित्याओस्।

**अथवा**

बहिनी म मायाको गङ्गामा पौडँदैछु भनेको त भासमा पो परेकी रहिछु।

(ख) बिष्टहरूले त्यसरी साँढे छोडेझैं वस्तु छाडा छाडेर यो दमाईको के रहला? लौ हिंड्नुहोस् हेर्न कत्रो विनाश पार्‌यो तपाईंको भैंसीले।

**अथवा**

''मेरा ससुराहरूको पसीनाले भिजेको यो घरबारी अझ ओबाइसकेको छैन। यो आजै छाड्ने?''

**7.** 'मसान' नाटकको नायक कृष्णको चरित्र चित्रण गर। 7

**अथवा**

'मसान' नाटकमा युवती, दुलही र वाग्मतीका के-कस्ता समस्या देखाइएका छ? लेख।

**8.** 'बसाइँ' उपन्यासमा पाइने मोटे कार्कीको चरित्र चित्रण गर। 7

**अथवा**

धनेले भैंसीबाट देखेको सपना कसरी चकनाचुर भयो? उपन्यासको आधारमा लेख।

**9.** तिम्रो गाउँमा बढ्दै गएको फोहोर मैला सफा गरिनुपर्छ भन्दै गाउँप्रमुखलाई पत्र लेख। 5

**10.** तलको कुनै **एउटा** विषयमा निबन्ध लेख : 10

(क) देशसेवा

(ख) खेलको महत्त्व

(ग) तिम्रो गाउँ-शहर

(घ) कुनै मनपर्ने किताब

(ङ) किताब पढ्ने बानी

**11.** शीर्षक दिंदै सारांश लेख : 9

यो संसार अचम्मको छ। संसारमा मान्छेहरूबाट अनौठा-अनौठा कार्य भएको पनि हामी देख्न र सुन्न पाइरहेका छौं। कसैकसैमा त ईश्वर र मान्छेमा भिन्नतानै देखिन्न। आइनस्टाइन, न्यूटन, फ्रेंकलिन, बुद्ध, ईशु आदि ती वर्गमा पर्छन्। उनका कार्य, उपलब्धि, जाँगर, मेहनत, परिश्रम र इच्छाशक्तिको परिणाम हो। हामी पनि उनीहरूजस्तै मान्छे हौं। यसर्थ ती गुणहरू सृजन गर्नसके हाम्रो पनि यस विश्वलाई केही पुष्टि गर्न वा प्रदान गर्न सामर्थ्य हुने थियो। देश र देशवासीको नाम उच्च हुने थियो। 'जाँगर' एउटा हतियार हो। यसले जीवन सफल बन्छ। जाँगरले गर्दा नै मोबाइल, कम्प्यूटर आदिको आविष्कार भएको हो। आज ती वस्तुको प्रयोग गरेर मान्छे घमण्डी बनेको छ।

★★★